## आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

भाग : २ खण्ड: ५ संख्या : २

पारित भएको मिति: २०८०/०३/०९

प्रकाशित मिति : २०८०/०३/१०

## आरुघाट गाउँपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि— २०८०

## प्रस्तावना

आरुघाट गाउँपालिका अन्तर्गतका रहेका विभिन्न सडकहरुको मर्मत सम्भार गरी दिगो रुपमा यातायात संचालन गर्न यस गाउँपालिकाबाट सडक हेरालु आवश्यक देखिएको हुँदा हुँदा उक्त कार्यलाई व्यवस्थित, मर्यादित र नियम संगत बनाउनका लागि वान्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८०/०३/०९ गतेको बैठकले यो कार्यविधि पारित गरी जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा**

क. यस कार्यविधिको नाम : आरुघाट गाउँपालिकाको "सडक हेरालु व्यवस्थापन कार्यविधि २०८०" रहने छ।

ख. "अध्यक्ष" भन्नाले आरुघाट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग. "उपाध्यक्ष" भन्नाले आरुघाट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आरुघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ. "हेरालु" भन्नाले आरुघाट गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ ।

च. "छनौट समिति" भन्नाले हेरालु छनौट समिति सम्झनु पर्दछ ।

छ. "सडक" भन्नाले आरुघाट गाउँपालिका अन्तर्गतका वडा स्थित विभिन्न सडकहरू सम्झनु पर्दछ ।

ज. "पोशाक" भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ ।

झ. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

ञ. "अनुगमन समिति" भन्नाले हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ ।

**२) कार्यक्षेत्र**

(१) हेरालुहरूको कार्यक्षेत्र यस आरुघाट गाउँपालिका अन्तर्गत रहेका वडाले तोकिएका सडक क्षेत्रहरू हुनेछ ।

(२) गाउँपालिका तथा वडाले तोकिएको सडकमा हेरालु खटाउँन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सडक हेरालु खटाउँदा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित वडाको प्राविधिकले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ । तर RMG (Road maintenance group) बाट तोकिएको गाउँपालिका क्षेत्र भित्रको सडकहरूको हकमा सोही बमोजिम हुनेछ । तोकिएका सडकहरूमा हेरालु तोक्दा यसै कार्यविधि बमोजिम हुनेछ ।

**३) कार्य प्रकृति**

सडक हेरालुहरूको कार्य प्रकृति देहाय बमोजिम हुनेछः

- सडक मर्मत सम्बन्धी कार्यहरू,

- सडकमा पर्ने खाल्डा हरू, पुर्ने, र सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य,
- सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने,
- सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने,
- नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने,
- सडक सरसफाइ गर्न्ने तर ठूला प्रकृतिका रुखहरू, घाँसका बिरुवाहरू लगायत अन्य काममा आउने बोट बिरुवाहरू काट्नुपर्दा सम्बन्धित रुख धनी वा वडा अध्यक्ष तथा वडा सदस्यहरूसँग समन्वय गर्नुपर्नेछ,
- सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने,
- सडक दायाँ वायाँ वृक्षरोपण गर्ने,
- आवश्यकता अनुसार वडा अध्यक्ष, सम्बन्धित प्राविधिकले लगाएको अन्य कार्य गर्ने ।

४) **हेरालु छनौट समिति**

हेरालु छनौटका लागि देहाय बमोजिम ५ सदस्यीय एक छनौट समिति रहनेछ ः

- प्रमुख प्रशासकीय अधिकृत — संयोजक
- योजना शाखा प्रमुख/प्रतिनिधि — सदस्य
- प्रशासन शाखा प्रमुख प्रतिनिधि — सदस्य
- सम्बन्धित सडक रहेको वडाको वडाध्यक्ष — सदस्य
- भौतिक पूर्वाधार विकास शाखा प्रमुख —सदस्य सचिव

५) **छनौट प्रक्रिया**

सडकको मर्मत सम्भार गर्ने सडक हेरालु छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. सडक हेरालुका लागि उपयुक्त उमेद्वारको छनौट गर्न गाउँपालिकाले विज्ञापन खुलाउनु पर्नेछ ।

ख. तोकिएको समयमा रितपुर्वक पेश भएको दरखास्तहरू दर्ता गरी सम्पर्क मिति तोकिने छ ।

ग. तोकिएको मितिमा अन्तरवार्ताको माध्यमबाट छनौट गरिनेछ ।

घ. हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्ने छ ।

- सम्बन्धित सडक नजिक रहेको,
- उमेर १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको,
- आर्थिक अवस्था कमजोर रहेको,
- काम प्रतिको जिम्मेवारी जावफदेहीता वहन गर्ने
- प्र.म. रोजगार कार्यक्रमको बेरोजगार सूचीमा सुचिकृत भएको हुनुपर्ने
- स्वास्थ्य बिमा अनिवार्य गरेको हुनुपर्ने ।
- अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

ङ. छनौट समितिबाट सिफारिश भएका हेरालु उमेद्वारहरूलाई करार सम्झौता तथा नियुक्ति गाउँ कार्यपालिकाको कार्यालयले दिनेछ । सिफारिस भएको उमेद्वारहरूको करार सम्झौता ३ महिना

सम्मका लागि मात्र हुनेछ । ३ महिना पछि सडक हेरालु आवश्यक पर्ने भएमा निजको काम सन्तोषजनक रहेको खण्डमा, कार्यक्रम रहने अवस्था भएमा अनुगमन समितिको सिफारिसमा छनौट समितिले पुन १ महिना म्याद थप गर्ने निर्णय गरी पठाएमा निजको १ महिनाका लागि म्याद थप गर्न सकिनेछ ।

६) हेरालुको दैनिक कार्य समय

क. हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ :

- दिनमा ८ घण्टा तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ ।

तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको वा हुन सक्ने अवस्थामा हेरालुबाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ ।

७) सेवा सुविधा :

क. सडक हेरालुको सेवा सुविधा प्रधानमन्त्री रोजगार कार्यक्रमले तोकेको दररेट अुनसार हुनेछ ।

ख. हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार सम्वन्धित वडा कार्यालय मार्फत उपलव्ध गराउने छ ।

ग. सडक हेरालुहरूको खाइपाइ आएको सेवा सुविधा भुक्तानी गर्दा बैंक मार्फत गर्नुपर्ने छ ।

८) अनुगमन समिति

हेरालुहरूको सडक मर्मत कार्य प्रभावकारी बनाउन तथा सडकको स्थिति बारे जानकारी लिन र सुझाव सल्लाह प्रदान गर्न देहाय बमोजिमको ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

- गाउँपालिका उपाध्यक्ष — संयोजक
- सम्बन्धित वडाका अध्यक्ष — सदस्य
- सम्बन्धित वडा हेर्ने प्राविधिक — सदस्य

९) विविध

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत